भ्रमण संस्कृति : शहरका गाउँमा, गाउँका शहरमा

गलेश्वर । शारदीयमासँगै भ्रमणको मौसम सुरु भएको छ। चाडपर्वको रौनकसँगै गाउँघरित मेलापर्व चलिरहेका छन्। सहरबजारित व्यापार व्यवसायको याम छ। आकास खुलेको छ। हिमाल टल्कीएका छन्। वर्षा हुन रोकिएको छ। यही मौकामा घुमफिर गर्न र रमाउन शहरतिरका युवायुवती स्याप्दीका पर्यटकीयस्थलमा उक्लिएका छन् भने गाउँका विद्यार्थी, युवा र प्रौढ आफन्तसँग भेटघाट गर्न, घुम्न र रमाउन सहरबजारित झरेका छन्।

यहीको भ्रमण संस्कृतिविपरीत मनोविज्ञानमा आधारित छ। समय मिल्यो र मन मिल्ने साथी भएभने भ्रमण गर्ने, रमाउने र मोजमस्ती गर्ने युवा र प्रौढ बढेका छन्। तर, भ्रमण संस्कृतिमा भने विपरीत मनोविज्ञान पाइएको स्याप्दीको पर्यटन र सामाजिक क्षेत्रमा सक्रिय रहनुभएका ओमकुमारी शान्ति कोषका पूर्वअध्यक्ष राजेश शाक्यले बताए।

"घोडेपानी, पुनहिल, टोड्के, भोञ्जीपानी, बेलडुङ्गा, लप्लीहिललगायतका स्याप्दीका ग्रामीण पर्यटकीयस्थलमा आन्तरिक पर्यटकको भीड लागेको छ। यी सबै क्षेत्रमा पुगेका अधिकांश पर्यटक सहरबजारबाट गाउँ उक्लिएका हुन्", शाक्यले भने-"बजार क्षेत्रमा पनि त्यस्तै अवस्था छ, गाउँका युवा, विद्यार्थी र प्रौढहरु घुम्न, रमाइलो गर्न र किनमेल गर्न बजार झरेका हुन्।"

पछिल्लो समय नेपालीमा पनि भ्रमण गर्ने संस्कृतिको विकास हुँदै गएपछि पर्यटकीयस्थल विदेशी पर्यटकलाई मात्र कुर्दुपर्ने बाध्यतामा छैनन्। विदेशमा समेत चर्चित बनेका घोडेपानी, पुनहिल र मुस्ताङलाई नै हेर्ने हो भने पनि सन् २०१९ यता विदेशी कम र आन्तरिक पर्यटकहरु बढी पुगेका छन्। घोडेपानी होटल व्यवस्थापन समितिका अध्यक्ष मीना पुसले भनिन्-"घोडेपानीमा अहिले सदरयर दैनिक चारसय बढी पर्यटक पुग्ने र फकीने गर्दछन्। तीमध्ये ७५ प्रतिशत आन्तरिक पर्यटक हुन्। त्यसमा पनि सहरबजारबाट घुम्न आउने आन्तरिक पर्यटक ९८ प्रतिशत हुने गर्दछन्। "

चक्रीय अन्नपूर्ण पदमार्गले समेटिएका उत्तरी स्याप्दीका घोडेपानी, पुनहिल, भुरुङ तातोपानीमा मात्रै होइन पश्चिमी स्याप्दीका टोड्के, बेलडुङ्गा, दरबाङ,लगायतका पर्यटकीयस्थलमा समेत आन्तरिक पर्यटकको भीड लागेको पर्यटन व्यवसायीको भनाइ छ। अन्नपूर्ण गाउँपालिका-६ मा पर्ने प्रशिद्ध पर्यटकीयस्थल घोडेपानी र पुनहिलमा दैनिक तीन सयदेखि पाँचसय जनासम्म आन्तरिक पर्यटक आएका स्थानीय होटल व्यवसायीहरुले बताएका छन्।

अध्यक्ष पुनका अनुसार यस वर्ष भदौ पहिलो सातादेखि नै घोडेपानीमा आन्तरिक तथा बाह्य पर्यटक विगतका वर्षका तुलनामा धेरै आएका र दसैं सुरु भएपछि त्योभन्भन बढेको हो। दसैंआधि दैनिक एक सयदेखि तीनसय जनासम्म आउने गरेकामा दसैं समाएपछि दैनिक पाँच सयसम्म आन्तरिक पर्यटक घोडेपानीमा आएको उनले जनाए। विदेशी पर्यटकले धमाधम होटल बुकिङ गर्न थालेका उनले जानकारी दिए।

अध्यक्ष पुनका अनुसार असोजदेखि मङ्सिसम्म र फागुनदेखि जेठसम्म धेरै पर्यटक आउने गर्छन्। मुख्य वाममा यहाँ दैनिक चार सयदेखि एक हजारसम्म पर्यटक भित्रने गरेको उनले बताए। उनका अनुसार अहिले पर्यटन सिजन सुरु भएपछि विदेशीसँगै आन्तरिक पर्यटकसमेत घोडेपानी आउन थालेपछि यहाँका व्यवसायी उत्साहित भएका छन्। यहाँ आउने आन्तरिक पर्यटकमा ९८ प्रतिशत बढी व्यक्ति काठमाडौं, पोखरा, बागलुङ, बेनीलगायतका सहरी क्षेत्रका हुने गरेका उनको भनाइ छ।

स्याप्दीका सबै पर्यटकीयस्थलमा सडक सञ्जालको पहुँच पुगेपछि निजी सवारी साधनमार्फत् आन्तरिक पर्यटक तीं क्षेत्रमा पुग्न थालेका धौलागिरि पर्यटन परिषद् स्याप्दीका अध्यक्ष अमर बानियाँले बताए।

ग्रामीण पर्यटनमा ग्रामीण क्षेत्रकै युवामा भने चासो रहेको नपाइएको मङ्गला गाउँपालिका-२ रणवाङका श्रीराम पौडेलले जनाए। 'गाउँका युवा विदेशमा छन्,रहे बचेका युवाहरुलाई पनि सहरबजार नै रमाइलो लाग्छ, फुर्सद मिल्यो किउनीहरु डुल्न घुम्नका लागि बजारतिर लाग्ने गर्छन्", उनले भने-"शहरबजारका युवायुवती, प्रौढ, व्यापारी, व्यवसायी र कर्मचारी भ्रमणका लागि गाउँ हुँदै जङ्गलतिर उक्लिने गर्दछन्।" शहरबाट घुम्नका लागि गाउँ आएका पर्यटकलाई स्थानीय होमस्टे, स्थानीय खानाका परिकार, दृश्यावलोकन र प्राकृतिक सुन्दरतालले लठ्याउने गरेको पर्यटकीय क्षेत्र बेलदुङ्गा नजिकको व्यवसायी गणेश श्रीष्ठले बताए।

उत्तरतर्फचाँदी भै टल्केने सेता हिमाल। चैत, बैशाखमा राताम्य फूलेका लालीगुराँस। नागबेली परेको म्याग्दी नदी। जङ्गलको एकान्तमा चिटिक्क परेको स्वर्गाश्रम। धवलागिरि क्षेत्रका दर्जनौं ग्रामीण बस्ती। बेलदुङ्गाको शिरमा चढेपछि आँखै अगाडि देखिने यस्तो रमणीय दृश्यावलोकनका लागि यहाँ बागलुङ, बेनी, कुश्मा र पोखरादेखि दैनिकरुपमा पर्यटक आउन थालेको उनले जानकारी दिए।

समुद्री सतहदेखि दुई हजार छ सय १४ मिटर उचाइमा रहेको बेलदुङ्गामा गत वर्ष करिब सात हजार जना आन्तरिक पर्यटक पुगेकामा यस वर्ष त्यो संख्या अझैं बढ्ने उनको भनाइ छ। बेलदुङ्गामा कति पर्यटक आए भन्ने तथ्याङ्क राख्ने आधिकारिक निकाय भने यहाँ छैन। स्थानीयले गाउँको होमस्टेमा बास बस्ने र गाउँका होटल तथा पसलमा चियानास्ता गर्नेको संख्याका आधारमा कुन वर्ष कति पर्यटक आए भन्ने संख्या अनुमान गर्नु परेको उनले बताए।

बेलदुङ्गाबाट अन्नपूर्ण र धौलागिरि रेञ्जका १२ हिमशृंखला, म्याग्दी नदी, कालीगण्डकीसहित म्याग्दी र बागलुङ जिल्लाका खोला तथा भन्राको नागबेली दृश्य, साविकको धौलागिरि अञ्चलका चारवटै जिल्लाका तीन दर्जन बढी गाउँ, वनजङ्गल, जङ्गली जनावर र पक्षीका साथै सूर्योदय र सूर्यास्तको रमणीय दृश्य देख्न सकिने बेनी नगरपालिका- ३ का बडाध्यक्ष पदमपुनले बताए।

बेलदुङ्गामा पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षण बढ्दै जान थालेपछि बेनी-३ भकिम्ली र बागलुङ जिल्लाको कौडेखोला गाउँपालिका-३ ओखलेबीच विकासका पूर्वाधार निर्माण गर्न होडबाजी मै चलेको स्थानीय युवा टीका पुनले बताए।

"यहाँ पहिलापहिला पाँस दाउरा गर्ने, भेडाबाख्रा चराउने र निगालो खोज्ने यहाँ आउँथे, हेर्दैहिँ सहरबजारबाट घुम्न र रमाउन थाले", उनले भने-"गाउँका मान्छेहरु हामीहरु रमाउन सहर झर्छौं, सहरका मान्छे गाउँहुँदै जङ्गलतिर उक्लन्छन्।" रासस

सहकारीको फूलखेती

वालिङ (स्याङ्जा) । स्याङ्जाको वालिङमा रहेको वालिङ कर्मचारी बचत तथा ऋण सहकारी संस्थाले व्यावसायिककरुपमा सयपत्री फूल उत्पादन गरेको छ।

बचत तथा ऋणको कारोबार गर्दै आएको उक्त सहकारीले आफ्ना शेयर सदस्यलाई फूलखेती गर्नतर्फ प्रेरित गर्ने उद्देश्यसहित व्यावसायिकरुपमा सयपत्री फूलखेती थालिएको सहकारीका अध्यक्ष दिपेन्द्र गिरले बताए।"सहकारीलेशेयरसदस्यहरुबीच आर्थिक कारोबार मात्रै नगरी ऊनीहरुलाई उत्पादनसँग जोडेन र फूलखेतीको व्यावसायिक सम्भावनाबारे जानकारी दिन फूलखेती गरेका हौं" उनले भने-"दीपावलीलाई लक्ष्य गरेर फूल लगाइएको र उत्पादन पनि भएकाले आर्थिकरुपमा पनि फाईदा हुने भएको छ।"

जिल्लामा बाहिरबाट तिहार तथा अन्य कार्यक्रममा सयपत्री फूलका माला तथा गुन्नाहरु आउने गरेकामा यहीं उत्पादन गरी आयातलाई प्रतिस्थापन गर्दै लगिने अध्यक्ष गिरले बताए। सहकारीले वालिङ-१ बीवामा पाँच रोपनी जग्गा भाडामा लिएर विभिन्न जातको सयपत्रीको बेर्ना लगाएको हो।

पाँच रोपनी जग्गामा पहिलो पटक पाँच हजार बोट सयपत्री लगाइएको उनले जनाए । दसैं, तिहारलगायत चाडपर्वलाई लक्ष्य गरेर साउनमा लगाइएको बेर्ना अहिले फूलेर रङीविरङी देखिएको सहकारीका सचिव दीलराज गैरेले जानकारी दिए। यहाँ उत्पादन भएको फूल अहिले पोखरामा खपत भइरहेको छ। सहकारीले प्रतिमाला रु एकसय २० देखि एकसय ५० सम्म बिक्री गर्दै आइरहेको छ। फूलका थुन्ना प्रतिबेजी रु तीस सय ५० मा बिक्री भइरहेको उनले बताए ।"दूली परिमाणमा फूल उत्पादन भइरहेको छ तर खपत धेरै तथा सोंचे अनुरुप भइरहेको छैन" सचिव गैरेले भने-"अहिले हामीले एक हजार वटा माला दिन सक्छौं तर माग सो अनुरुप छैन।"

जिल्लाभित्र कार्यक्रम कम हुनु, माला तथा फूलको प्रयोग कम हुनुजस्ता कारणले अहिले बजार नपाए पनि अब लगते नेपालीहरुको दोस्रो ठूलो चाड दीपावलीसम्ममा बिक्री भइसक्ने विश्वास सहकारीको छ। सहकारीले जग्गाको भाडा, जग्गा खनजोत, मलखाद, बीउबिजन, ज्याला, उपकरण खरिदलगायतमा झण्डै रु एकलाख खर्च भएको उनले बताए।

व्यक्तिगतरुपमा मात्रै नभइ समूह तथा सहकारीमार्फत् पनि यस प्रकारका व्यावसाय गर्न सकिन्छ भन्ने उदाहरणका लागि पनि सहकारीले फूलखेती गरेको जिकिर उनको थियो। रासस

भिनियाँ रोटीमा मिसाइने रङ स्वास्थ्यका लागि घातक

गलकोट । तिहारको समयमा बढी मात्रमा प्रयोगमा आउछ । रङीचङी भिनियाँमा मिसाइने रङ स्वास्थ्यका लागि घातक हुने सरोकारवालारुको चिन्ता छ। तिहार नाँचकिएसँगै बाग्लुङमा भिनियाँको माग बढी हुने गर्दछ। तिहारका लागि भिनियाँ बनाउन थतिथेला घरेलु उद्यमीहरु निर्क व्यस्त भएकाले रङ प्रयोग नगर्न सरकोकारवालाले सचेत बनाएका छन्।

रङ नहाली भिनियाँ रोटी बनाउन र उभोक्तालाई पनि रङ नभएको भिनियाँ रोटी खरिद गर्न आग्रह गरिएको छ । तिहारमा मात्र होइन् पछिल्लो समय विवाह, व्रतबन्ध, पूजाआजा र कोसेलीको रुपमा पनि भिनियाँ अत्यधिक प्रयोग हुन थालेपनि रङ मिसाएका भिनियाँ उत्पादन नगर्न प्रशासनले महिला उद्यमीलाई सचेत बनाएको सहायक प्रमुख जिल्ला अधिकारी चित्राक्षर बरालले जानकारी दिए।

उनले भिनियाँ उत्पादन गर्ने उद्यमीलाई रङ प्रयोग नगरी भिनियाँ उत्पादन गर्न आग्रह गरिएको बताउँदै उभोक्ताले समेत तिहारमा सेता भिनियाँ मात्रै खरिद गर्नेगरी सचेत रहनुपर्ने बताए । रञ्जित भिनियाँ खाँदा क्यान्सरजस्तो घातक रोग लाग्ने जोखिम हुने खाद्यप्रविधि गुण नियन्त्रण कार्यालयका प्रमुख सौरभ श्रेष्ठले जनाए।

चाडपर्वको समयमा नेपालीहरुले मिष्ठान्न परिकार बढी बनाउने र त्यसमा अत्यधिक रङ्ग प्रयोग गर्ने गरेकाले यसले जोखिम निम्त्याउने उनले बताए। "जिल्लामा उत्पादन हुँदै आएको भिनियाँ रोटीमा अत्यधिक रङ्गको प्रयोग भएको देखिन्छ, हामीले रङ्ग मिसाएको खाद्य वस्तुलाई अखाद्य भन्दै आएका छौं" प्रमुख श्रेष्ठले भने-"रङ्ग राखेर बनाइएका र पछि तेलमा तारेर बनाइने खानेकुराले क्यान्सर निम्त्याउने पदार्थको विकास गर्छ, त्यसैले रञ्जित भिनियाँको प्रयोग गर्न बन्द

गर्नुपर्छ, उपभोक्तालाई समेत रङ मिसाइएको भिनियाँ खरिद नगर्न हाम्रो आग्रह छ ।" तेलमा नताप्रिने खानेकुरामा निश्चित मात्रमा खाद्य रङ प्रयोग गर्न सकिने भए पनि तेलमा तारेको वस्तुमा रङ मिसाउदा क्यान्सरको जोखिम बढाउने छ।

एक केजी खाद्यपदार्थमा शून्य दशमलव दुईग्रामभन्दा बढी रङ प्रयोग गर्न नमिल्ने कानुनी व्यवस्था रहेको उनले जानकारी दिए। उपभोक्तामा रञ्जित भिनियाँका कारण क्यान्सर रोगको जोखिम हुन्छ भन्ने चेतना फैलाउन नसक्दा बस्को उत्पादन र बिक्री वितरण रोक नसकिएको प्रमुख श्रेष्ठको भनाइ थियो ।

उपभोक्ताले भने सेतो भिनियाँ खरिद गर्न नमान्ने भएकाले सामान्य रङ मिसाए भिनियाँ बनाउँदै आएको बागलुङ नगरपालिका-१ रामरेखाका भिनियाँ व्यवसायी शर्मिला श्रेष्ठले बताइन । उनले खाद्यप्रविधि तथा गुणनियन्त्रण डिभिजन कार्यालयले भनेअनुसार रङ्ग प्रयोग गर्ने गरेको जानकारी दिइन ।

रङ्ग प्रयोग गरिएको भन्दै स्थानीय घरेलु उत्पादनको स्यमा चलिरहेका भिनियाँ रोटीका उद्योगलाई बन्द गर्दा सयौंको रोजिरोटी गुम्ने भएकाले विस्तारै रङ्गको प्रयोग घटाउँदै लैजाने गरी उत्पादकतालाई सचेत बनाउँदै लगिने बागलुङ नगरपालिकाका प्रमुख वसन्तकुमार श्रेष्ठले बताए।

संकटमा...

उनले आफ्नो आम्दा बुटवलस्थित अन्तराष्ट्रिय स्तरको स्वास्थ्य संस्थाका रुपमा स्थापित गर्नका लिग साथ दिने जनाए।

आम्दा नेपालका अध्यक्ष डा.अनिलकुमार दासले आम्दा इन्टरनेशनल, आम्दा नेपाल, बुटवल उप-महानगरपालिका र बुटवल उद्योग वाणिज्य संघका पहलमा अस्पतालको स्तरवृद्धि र सुधार भइरहेको स्पष्ट पारे।

कार्यक्रममा लुम्बिनी प्रदेशका सभामुख तुलाराम घर्तीमगर, प्रदेश सभा सदस्य तथा पूर्व मुख्यमन्त्री लिला गिरी, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्यालल्गायतले बोल्दै आम्दाको विकासले यस क्षेत्रमा महिला र बालबालिकाको स्वास्थ्य उपचारमा सहजता ल्याउने जनाए । सोही अवसरमा आम्दा अस्पतालको स्थापनामा योगदान पुऱ्याउने तत्कालीन बुटवल नगरपालिकाका मेयर स्वर्गीय सूर्यप्रसाद प्रधानलाई मरणोपरान्त, आम्दा नेपालका संस्थापक अध्यक्ष प्राडा गोविन्द पोखेल, स्थानीय विकास समितिका सदस्य जीवनप्रसाद वष्कालगायतलाई सम्मान गरिएको थियो ।

रिगलको...

मिजवाट असुल उपर हुन बाँकी देखिएको एघार वर्ष, एघार महिना, पाँच दिन कैद निजलाई कारागारमा राखी कानून बमोजिम असुल गर्नु भनी प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ ।' इजलासको आदेशमा उल्लेख छ।

त्यस्तै यसरी कैद कट्टा गर्दा वा कैद भिनाहा गर्दा पिडितको मज्दुरी लिन र कानुनका शर्तको समुचित पालना गर्न, अदालतका फैसला अनुकुल निर्णय गर्न सर्वोच्चले परमादेश दिएको छ।

'कानूनद्वारा निर्धारित प्रतिशतको सीमा बन्देजका अतिरिक्त पीडितको हक संरक्षित रहने गरी निजको सहमति मज्दुरी समेत लिई, पीडितलाई सामाजिक पुनःस्थापना र क्षेतिपूर्ति सहितको न्याय प्राप्त भएको अवस्था सुनिश्चित गरी यस अदालतको आदेश र प्रतिपादित सिद्धान्तहरुसहित कानूनमा उल्लेख भएका अन्य शर्तहरु समेतको समुचित रुपमा अनुशरण गरी,' फैसलामा भनिएको छ-' अवस्थानुसार सार्वजनिक हित, चासो र सरोकारका विषयवर्ग समेत दृष्टिगत गरी सजाय कम गर्ने वा घटाउने, छुट दिने निर्णय गर्नु र यसरी गरिने निर्णयमा वस्तुगत आधार र उचित कारण अभिव्यक्त रुपमा खुलाएर मात्र निर्णय गर्ने गर्नु भनी प्रत्यर्थीहरुका नाममा परमादेश जारी हुने ठहर्छ ।' रिगलको बाँकी कैद पनि भुक्तान गर्न पठाउन आदेश दिएपछि उक्त आदेश सुनेर चेतन मानन्धरकी श्रीमती भारती इजलासमै चिच्याएर रोएकी थिइन्।

सरकारले रिगलको बाँकी कैद मिनाहा गर्ने निर्णयविरुद्ध चेतनकी श्रीमती भारतीले गत असोज २२ गते सर्वोच्चमा रिट दायर गरेकी थिइन्। उक्त रिटलाई सर्वोच्चले प्राथमिकताका साथ हेरेको थियो । सुधवार सुनुवाइ सकेर बिहीबारका लागि निर्णय सुनाउने समय तोकेको थियो ।

०७२ असार २८ गते नेपालगञ्जको धम्बोझी चोक नजिकै रिगलले चेतन मानन्धरमाथि खुँडा प्रहार गरी हत्या गरेका थिए । मानन्धरको हत्या आरोपी रिगलले दुई महिनापछि बाँके जिल्ला अदालतमा एघार आत्मसमर्पण गरेका थिए । त्यसपछि उनी मुद्दाको किनारा नलाग्दासम्म पूर्पक्षका लागि जेलमा थिए । उनले ८ वर्ष कैद सजाय भोगिसकेका थिए । जिल्ला अदालत बाँकेले ०७६ वैशाखमा मानन्धरको हत्यामा रिगललाई दोषी ठहर गर्दै सर्वस्वसहित जन्मकैदको सजाय तोकेको थियो ।

मानन्धरको हत्यामा संलग्न रहेको ठहर गर्दै अदालतले अन्य १२ जनालाई पनि कसुरअनुसार ती वर्षदेखि १० वर्षसम्मको सजाय तोकेको थियो । तत्कालीन जिल्ला न्यायाधीश विष्णु सुवेदीको इजलासले घटनामा संलग्नमध्ये रिगलकै समूहका सोहनसिंह ढकाललाई १० वर्ष जेल सजायको फैसला सुनाएका थिए ।

उनकै समूहका माधव नेपाली, विराज पाठक, हरि वली, मनीष चौलागाई, प्रितम थापा, यामबहादुर बुढा मगर र केशवबहादुर रोकायालाई जनही तीन वर्षको कारावास सजाय तोकेको थियो ।

त्यस्तै प्रशान्त गौतम भनिने प्रेमध्वज खत्री, विशाल भनिने छक्लिाल बस्नेत, नवराज खत्री र मोहनलाल खड्कासहित सबैलाई जन्मकैदको सजाय तोकेको थियो । रिगलले भन्डै ५० प्रतिशत सजाय भुक्तान गरिसकेका थिए ।

गुल्मी अस्पताल
तम्घास गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

कर्मचारी आवश्यकता सम्बन्धी सूचना

सूचना नं. ०१-०८०७८१

प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।०७।१७

यस गुल्मी अस्पताल तम्घासको लागि तपसिल बमोजिमका करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ।

तपसिल

सि.नं.	विज्ञापन नं.	पद	श्रेणी/ तह	माग संख्या	कैफियत
१	०१-०८०/०८१	डेन्टल सर्जन	आठौं	१	दरबन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार
२	०२-०८०/०८१	नर्सिङ्ग अधिकृत	सातौं	१	दरबन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार
३	०३-०८०/०८१	रेडियोग्राफर	पाँचौं	१	दरबन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार
४	०४-०८०/०८१	हे.अ.	पाँचौं	३	दरबन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार
५	०५-०८०/०८१	ल्याब टेकिसियन	पाँचौं	१	दरबन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार
६	०६-०८०/०८१	डार्करुम असिष्टेन्ट	चौथो	१	दरबन्दी/अ.वि.स/कार्यक्रम करार आवश्यकता अनुसार

१. **परीक्षाको किसिम :** लुम्बिनी प्रदेश करार कार्यकारी व्यवस्थापन कार्यविधि २०८० बमोजिम हुनेछ।
२. **दरखास्त फाराम पाइने:** https://gulmihospital.lumbini.gov.np बाट फाराम डाउनलोड गर्ने र नागरिकता, न्युनतम शैक्षिक योग्यता, काउन्सिल दर्ता प्रमाणपत्रका प्रतिलिपि, परीक्षा दस्तुरको सक्कल भौचर सहित दरखास्त फाराम पूर्ण भरी फाइलसाथ बुझाउनु पर्नेछ।
३. **तलब:-** करार सेवा अनुसार
४. **दरखास्त दस्तुर र बुझाउने स्थान :** अधिकृतस्तरको लागि रु.१०००- पाँचौ तहको लागि रु.५००।- र चौथो तहको लागि रु.४००।- तम्घास अस्पताल विकास समितिको खाता नं ३०१०१००२७७००३००१ रा.वा.बैंक,तम्घास गुल्मीमा परीक्षा दस्तुर बुझाउनु पर्ने छ।
५. **दरखास्त दिने अन्तिम मिति :** २०८०।०८।०१ गते कार्यालय समय भित्र, अन्तिम मितिमा साबजैनिक बिदा परेमा कार्यालय खुल्काको दिन नै अन्तिम मिति मानिने छ।
६. **विस्तृत विज्ञापनको जानकारी वा इष्टप्रयो लागि :** गुल्मी अस्पतालको वेवसाइट https://gulmihospital.lumbini.gov.np मा हेर्न अनुरोध छ।

पदपूर्ति समिति

विषय : शिक्षक आवश्यता ।

प्रस्तुत विषयमा रामग्राम न.पा.को मिति २०८०/७/१५ च.नं. १००८ को प्राप्त अनुमति पत्र तथा मिति २०८०/७/१६ गते वि.व्य.स.को निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको प्रा.वि तृतीय श्रेणीको अस्थायी/करार शिक्षक पदमा मिति २०८०/७/१७ गते देखि लागु हुने गरी शिक्षक पदपूर्तिको लागि दरखास्त आह्वान भएको आठौं दिन सम्म शिक्षक सेवा आयोगको करार सुचीमा परेका व्यक्तिहरुले मात्र आवेदन दिन पाउने र आठौं दिन सम्म करार सुचीका कुनै व्यक्तिबाट आवेदन नपरेका खण्डमा नवौं दिनबाट करार सुचीमा नपरेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजातहरुका साथ दरखास्त आह्वान गरिन्छ ।

विज्ञापन नं. : ०१/०८०/०८१

१) **आवश्यक पद :** शिक्षक — २) **तह/श्रेणी :** प्रा.वि. /तृतीय
३) **प्रकार :** अस्थायी (करार) — ४) **संख्या :** १(एक)
५) **शैक्षिक योग्यता :** कक्षा १२ उत्तिर्ण वा सो सरह ।
६) **आवश्यक कागजातहरु :**
क) अध्यापन अनुमति पत्रको प्रतिलिपी ।
ख) नेपाली नागरिकताको प्रतिलिपी ।
ग) न्युनतम शैक्षिक योग्यताको प्रमाण पत्रहरुका प्रतिलिपी ।
घ) हस्ता लिखित निवेदन ।
७) **उमेर :** १८ वर्ष पुरा भई ४० वर्ष न नाघेको ।
८) **दस्ताल दस्तुर :** रु. १०००।- (विद्यालयको नगदी रसिद सहित) ।
९) **परीक्षाको प्रकार :** लिखित, अन्तरवार्ता (आवश्यक परेको खण्डमा प्रयोगात्मक सहित) ।
१०) **तलब सुविधा :** नेपाल सरकारको प्रचलित नियम अनुसार ।
११) **दरखास्त दिने अन्तिम मिति :** २०८०/०८/०१ गते कार्यालय समय सम्म ।
१२) **सम्पर्क मिति :** सुचना प्रकाशन भएको अन्तिम मितिको भोली पल्ट ।
१३) **परीक्षा मिति :** सम्पर्क मितिमा तोकिने छ ।
थप जानकारीको लागि सम्पर्क नं. ९८४७८०४१३

प्रधानाध्यापक
तेज प्रताप सिंह
श्री ज्ञान ज्योति आधारभूत विद्यालय
रामग्राम-१८ धरमपर, नवलपरासी

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुम्द्वारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्क:
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८९३,९८०७१८०८९३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मलीटोल, भैरहवा
मो.9847324755,9804406297